श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ४५,

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र बीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

हात–हतियार खर–खजाना सम्बन्धी नेपाल कानूनलाई एकीकरण तथा संशोधन गर्न बनेको ऐन

प्रस्तावना :– नेपालको सुरक्षा एवं शान्ति र व्यवस्था कायम राख्नको निमित्त हतियार खर–खजाना सम्बन्धी प्रचलित नेपाल कानूनलाई एकीकरण र संशोधन गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "हात–हतिया र खर–खजाना ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

तर श्री ५ को सरकारको आदेश बमोजिम वा कुनै सरकारी कर्मचारीको हैसियतले आफ्नो कर्तव्य पालन गर्दा निजले दिएको आदेश बमोजिम हात–हतियार खर–खजाना बनाउन, मरमत गर्न, एक रूपबाट अर्को रूपमा परिणत गर्न, बेच्न, बिक्रीको लागि दिन, लिएर हिंड्न, आफूसाथ वा आफ्नो नियन्त्रणमा राख्न, नेपाल अधिराज्यबाट विदेशमा निकासी गर्न, विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी गर्न वा नेपाल अधिराज्यभित्रको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानमा यो ऐनका कुनै कुरा लागू हुनेछैन ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "तोप" भन्नाले सबै किसिमको तोप, मार्टरहरू र त्यसको पार्ट पूर्जाहरू, त्यस्तो तोप वसार पसार र चढाउनका लागि प्रयोग गरिने गाडीहरू र त्यस्तो तोप बनाउने कल मेशिनलाई समेत जनाउंछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "मेशिन गन" भन्नाले ब्रेनगन, लुइस गन, ष्टेशन मेशिन कार वाइन, टम्सन मेशिन कार वाइन र सो सरहका अटोमेटिक हतियारहरू र त्यसको पार्ट पूर्जाहरू, त्यस्तो मेशिन गन वसार पसार र चढाउनका लागि प्रयोग गरिने गाडीहरू र त्यस्तो मेशिन गन बनाउने कल मेशिनलाई समेत जनाउंछ ।

(ग) "हात–हतियार" भन्नाले राइफल बन्दुक, पिस्तौल, रिभाल्भर, माइनिंग र ग्रिनेड, त्यसका पार्ट पूर्जाहरू र त्यस्तो हात–हतियार बनाउने कल मेशिनलाई समेत जनाउंछ ।

(घ) "खर–खजाना" भन्नाले फगसिग्नल (धूमिका संकेत) फ्यूज, बारुद, केप, गोला, छर्रा, पड्काउने वस्तु (डिटोनेटर), कार्तुष र त्यस्तै किसिमको अरू खरखजानाहरूलाई समेत जनाउंछ ।

(ङ) "स्थानीय बडाहाकिम" भन्नाले स्थानीय मेजिष्ट्रेटलाई समेत जनाउंछ ।

(च) "लाइसेन्स" भन्नाले हात–हतियार, खर–खजानाका सम्बन्धमा यो ऐन बमोजिम प्राप्त भएको लाइसेन्स र "लाइसेन्सवाला" भन्नाले त्यस्तो लाइसेंस प्राप्त गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. तोप, मेशिन गन र लाइसेन्स नभई हात–हतियार, खर–खजाना बनाउन, आफूसाथ राख्न एक रूपबाट अर्को रूपमा परिणत गर्न र बिक्री गर्नसमेत मनाही:– (१) कसैले तोप वा मेशिनगन बनाउन, मरमत गर्न, आफूसाथ राख्न, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा वेच्न वा बिक्रीको लागि दिनसमेत हुंदैन ।

(२) लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही कुनै व्यक्तिले हात–हतियार वा खर–खजाना बनाउन, मरमत गर्न, आफूसाथ राख्न, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा वेच्न वा बिक्रीको लागि दिन, राख्नसमेत हुंदैन ।

तर आफ्नो निजी उपयोगको निमित्त कानूनी तौरबाट हात–हतियार वा खर–खजाना राखेको कुनै व्यक्तिले सो हात हतियार वा खरखजाना तत्काल लागू रहेको कानूनले निषेध नगरिएको अरू कुनै व्यक्तिलाई वेच्नमा उप–दफा (२) का कुनै कुराले बाधा पुऱ्याउने छैन । त्यस्तो हात हतियार वा खर–खजाना वेच्नुपर्दा किन्ने व्यक्तिको नाम, ठेगाना र बिक्रीको कुरा खोली स्थानीय बडाहाकिम छेउ पूर्व सूचना दिनुपर्छ ।

४. ल्याउन वा लैजान मनाही:–(१) कसैले तोप वा मेशिन गन विदेशबाट नेपाल अधिराज्य-भित्र ल्याउन, नेपाल अधिराज्यबाट विदेशमा लैजान वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन वा लैजानसमेत हुंदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(२) लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको बन्देजमा नरही कुनै व्यक्तिले हात–हतियार वा खरखजाना विदेशबाट नेपाल अधिराज्यभित्र ल्याउन, नेपाल अधिराज्यबाट विदेशमा लैजान वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानसमेत हुंदैन ।

५. लाइसेन्स बेगर हात हतियार लिएर हिंड्न मनाही:– (१) कुनै व्यक्तिले लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही हात हतियार लिएर हिंड्न हुंदैन ।

(२) लाइसेन्स बेगर वा यस ऐनका विरुद्ध हात हतियार लिएर हिंड्ने कुनै व्यक्तिलाई असिष्टेंट सब-इन्स्पेक्टर दर्जा वा सोभन्दा माथिल्लो दर्जाका पुलिस अफिसर वा स्थानीय बडाहाकिम वा निजले खटाएको व्यक्तिले विना वारेण्ट गिरफ्तार गर्न र निजले साथमा लिएको हात हतियार कब्जासमेत गर्न सक्नेछ । त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्ने वा हात हतियार कब्जा गर्ने पुलिस अफिसरले वा स्थानीय बडाहाकिमबाट खटिएको व्यक्तिले सो गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको हात हतियारलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र स्थानीय बडाहाकिम छेउ बुझाइदिनुपर्छ ।

६. शंका लागेमा हात हतियार, खरखजाना ल्याउने लैजाने व्यक्तिहरूको खानतलासी लिई पक्राउ गर्ने:– (१) लाइसेन्स बेगर वा लाइसेन्स भए तापनि कुनै गैरकानूनी काम गर्ने हेतुले कुनै व्यक्तिले हात हतियार वा खरखजाना नेपाल अधिराज्यबाट विदेशमा वा विदेशबाट नेपाल अधिराज्यभित्र वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा वसार पसार गरेको शंका लागेमा असिष्टट सब-इन्स्पेक्टर दर्जा वा सोभन्दा माथिल्लो दर्जाका पुलिस अफिसरले त्यस्तो व्यक्तिको जीउ र त्यस्तो वस्तु भएको शंका लागेको गाडी, पोका, भारी बोक्ने जवानहरू र वसार पसार गर्दाको बाक्सहरूलाई रोकी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा निजलाई विना वारेण्ट गिरफ्तार गर्न र त्यस्तो हात हतियार वा खरखजाना कब्जासमेत गर्न सक्नेछ ।

(२) यस दफा अन्तर्गत गिरफ्तार गरिएको व्यक्ति र बरामद भएको हात हतियार वा खरखजानालाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र स्थानीय बडाहाकिमछेउ बुझाइ दिनुपर्छ ।

७. खानतलासी गर्ने अड्डा वा चौकी:–श्री ५ को सरकारले आवश्यक देखिएमा नेपाल सरहद र विदेशी सरहदको सीमानाका बीच हात हतियार वा खरखजानाको तलासी लिने चौकीहरू खडा गर्न सक्नेछ र श्री ५ को सरकारबाट अख्तियार पाएको व्यक्तिले त्यस ठाउंमा आवत जावत गर्ने गाडी र भारी बोक्ने मानिस वा जीव जन्तुहरूलाई रोकी वसार पसार गर्दा प्रयोग गरिएको बाक्सहरू र पोकाहरूको तलासी लिन सक्नेछ ।

८. कुनै निश्चित ठाउंमा हात हतियार, खरखजाना राख्न मनाही:– श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउंमा तोकिएको कुनै किसिमको हात हतियार वा खरखजाना कुनै व्यक्तिले पनि राख्न नपाउने गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. पुलिस थानामा हात हतियार, खरखजाना बुझाउने:-(१) हात हतियार वा खरखजाना राख्ने कुनै पनि व्यक्तिको लाइसेन्सको अवधि समाप्त भएमा वा लाइसेन्स बदर गरिएमा वा दफा ८ अन्तर्गत सूचना प्रकाशित भएबाट वा अरू कुनै तरीकाबाट त्यस्तो हात हतियार वा खरखजाना राख्न गैरकानूनी हुन आएमा त्यस्तो हात हतियार वा खरखजाना स्थानीय पुलिस अफिसमा तुरुन्त बुझाइदिनु पर्छ र पुलिस अफिसले पनि बुझिलिई प्रचलित कानून बमोजिम कारवाइ गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम हात हतियार वा खरखजाना बुझाइदिएपछि सो सो बुझाउने व्यक्तिले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको अवधि समाप्त हुनुभन्दा अगावै पनि पुनः देहायको हक प्राप्त गर्न सक्नेछः-

(क) त्यसरी बुझाएको हात हतियार वा खरखजाना आफूसाथ राख्न कानूनी हुन आएमा सो हात हतियार वा खरखजाना फिर्ता लिन पाउने,

(ख) त्यसरी बुझाएको हात हतियार वा खरखजाना कानूनी तवरबाट राख्न पाउने व्यक्तिलाई बिक्री गर्न, गराउन वा त्यस्तो बिक्रीबाट आएको मुनाफा आफूले लिन पाउने ।

तर दफा १६ बमोजिम जफत गरिएको कुनै हात हतियार वा खरखजाना यस उप-दफाको कुनै कुराले फिर्ता लिन वा बिक्री गर्न अधिकार दिएको मानिने छैन ।

(३) तोकिएको अवधिभित्र उप-दफा (२) बमोजिम फिर्ता नभई जम्मा भएको हात हतियार वा खरखजाना श्री ५ को सरकारको सम्पत्ति हुनेछ ।

(४) माथि उल्लेख गरिएको दफाहरूको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी श्री ५ को सरकारले देहायको विषयमा नियम बनाउन सक्नेछः-

(क) लाइसेन्सवालाले कस्तो अवस्था र परिस्थितिमा हात हतियार वा खरखजाना बुझाउनुपर्ने, र

(ख) कति अवधि समाप्त भएपछि उप-दफा (३) अन्तर्गत हात हतियार वा खरखजाना जफत हुने ।

१०. लाइसेन्स प्राप्त गर्ने वा रिन्यू गर्ने तरीकाः-(१) कुनै व्यक्तिले यो ऐन अन्तर्गत लाइसेंस लिनाको निमित्त तोकिएको दस्तूर र तोकिएको ढांचाको दरखास्त स्थानीय बडाहाकिम छेउ दिनुपर्छ ।

(२) उप-दफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि स्थानीय बडाहाकिमले तोकिए बमोजिमको आवश्यक जांचबुझ गरी हेर्दा दरखास्तमा लेखिए बमोजिम काम गर्न पाउने गरी लाइसेन्स दिन मनासिब सम्झेमा तोकिए बमोजिमको शर्त बन्देज राखी दरखास्तवालालाई तोकिएको ढांचाको लाइसेन्स दिन सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम दिइएको प्रत्येक लाइसेन्सको अवधि र त्यसलाई रिन्यू गर्ने तरीका, स्थान र त्यसरी रिन्यू गराउंदा लाग्ने दस्तूर तोकिए बमोजिमको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. लाइसेन्स रद्दी वा स्थगित गर्ने अधिकारः-(१) सार्वजनिक शान्ति सुरक्षाको लागि आवश्यक देखिएमा स्थानीय बडाहाकिमले कारणसहितको पर्चा खडा गरी आपनो अधिकार क्षेत्रभित्रको सबै ठाउंमा वा त्यसको कुनै भागमा सबै वा केही लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै लाइसेन्सवाला दोषी ठहरिएमा स्थानीय बडाहाकिमले निजको लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

(३) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी नेपाल अधिराज्य-भर वा त्यसको कुनै भागमा रहेको सबै वा केही लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

१२. खानतलासी लिने, कब्जा गर्ने स्थानीय बडाहाकिमको अधिकारः-कुनै स्थानीय बडाहाकिमले आफ्नो अधिकार क्षेत्रभित्र बसोबास भएका कुनै व्यक्तिसंग बिना लाइसेन्स वा गैरकानूनी प्रयोजनको निमित्त कुनै हात हतियार वा खरखजाना राखिएको छ भन्ने भरपर्दो शंका लागेमा, वा त्यस्तो व्यक्तिसंग सो हात हतियार वा खरखजाना राख्न दिनु सार्वजनिक शान्तिको निमित्त उचित हुनेछैन भन्ने स्थानीय बडाहाकिमलाई विश्वास लागेमा कारण-सहितको पर्चा खडा गरी सो पर्चाको आधारमा त्यस्तो व्यक्तिको घर जग्गामा वा अरू शंका लागेको ठाउंमा खानतलासी गर्न गराउन र लाइसेन्स भएको वा नभएको जुनसुकै हात हतियार वा खरखजाना उपर कब्जा गर्न सक्नेछ ।

त्यस्तो किसिमको खानतलासी गर्दा गराउंदा स्थानीय बडाहाकिमले अरू कुनै अड्डाखानाको कर्मचारीलाई साक्षी राखी मात्र गर्नु गराउनु पर्छ ।

१३. रोक्का गर्ने श्री ५ को सरकारको अधिकारः-कसैले हात हतियार वा खरखजाना राख्न लाइसेन्स पाएको भए तापनि श्री ५ को सरकारले सार्वजनिक सुरक्षाको लागि आवश्यक ठानेमा जुनसुकै समयमा सो व्यक्तिको साथमा रहेको हात हतियार वा खरखजाना कब्जा गरी रोक्का राख्न आदेश दिन सक्छ ।

१४. लागू गर्ने श्री ५ को सरकारको अधिकारः-श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा व्यक्तिहरूको सम्बन्धमा वा कुनै खास इलाकामा वा कुनै खास किसिमको हात हतियार वा खरखजनाको सम्बन्धमा यो ऐनको सबै वा केही कुराहरू लागू नहुने वा सोही सूचनामा तोकिए बमोजिम संशोधित भई लागू हुने गर्न सक्नेछ ।

१५. हात हतियार, खरखजानाको लगत लिने अधिकारः- श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशित गरी नेपाल अधिराज्यभरमा सोही सूचनामा तोकिएको कुनै ठाउंमा कुनै हात हतियार वा खरखजाना राख्ने व्यक्तिले त्यसको लगत तोकिएको अधिकारीलाई दिन निर्देशन गर्न सक्नेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो सूचना प्रकाशित भएपछि सम्बन्धित हात हतियार वा खरखजाना राख्ने सबै व्यक्तिहरूले तोकिएको अधिकारीले मांगे बमोजिमको लगत दाखिल गर्नुपर्छ र निजले त्यस्तो हात हतियार वा खरखजाना नै हेर्न चाहेमा सोसमेत देखाउनुपर्छ ।

१६. हात हतियार, खरखजाना पदार्थ जफत गर्ने अधिकारः—कुनै व्यक्तिले यस ऐन अन्तर्गत सजाय हुने कसूर गरेको साबित भएमा सो कसूर साबित गर्ने स्थानीय बडाहाकिमले निजसंग भएको सो कसूरसंग सम्बन्धित सबै वा कुनै हात हतियार वा त्यसको खरखजाना वा त्यसको सम्बन्धमा प्रयोग भएको सवारी, जन्तु, बाक्स वा थैली जफत गरी श्री ५ को सरकार लाग्ने गर्न सक्नेछ ।

१७. सेना सम्बन्धी हात हतियारको रिपोर्ट पेश नगरेमा जफत हुनेः—कसैले सरकारी बोरको (सेना सम्बन्धी) राइफल, पिस्तौल, रिभाल्भर र त्यस्तै अरू हात हतियार लाइसेन्स लिई झिकाएको भए त्यसको प्रमाण र कम्पनीको बिलसमेत तोकिएको अवधिभित्र तोकिएको अधिकारी छेउ पेश गर्नुपर्छ । मुनासिब कारण बाहेक तोकिएको अवधिभित्र सो हात हतियार पेश नगरेमा श्री ५ को सरकारले विना मुग्राबजा त्यस्तो हात हतियार जफ गर्न सक्नेछ ।

१८. कसूरको सम्बन्धमा सूचना दिनुपर्नेः—यो ऐनले सजाय हुने कसूर गरेको काम कुरा थाहा पाउने प्रत्येक व्यक्तिले मनासिब माफिकको समयमा स्थानीय बडाहाकिमको अफिसमा वा पुलिस अफिसमा उक्त कुराको सूचना दिनुपर्छ ।

१९. सूचना र कानूनी कारवाइको हद म्यादः—यो ऐन बमोजिम गरेको कुनै कामको निमित्त कुनै व्यक्तिको विरुद्ध देहाय बमोजिम नभई नालेश उजूर दिन बाहेक अरू कुनै कानूनी कारवाइ चलाइने छैनः—

(क) कानूनी कारवाइ चलाउने मनसाय र कारणसहितको लिखित सूचना कमसेकम एक महीना अगावै सम्बन्धित व्यक्तिलाई दिएको, र

(ख) कानूनी कारवाइ चलाउनुपर्ने कारण परेको तीन महीनाभित्र त्यस्तो कानूनी कारवाइ चलाइएको ।

२०. दण्ड सजायः—(१) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई ७ वर्षसम्म कैद वा रू. ४२००।— बयालीससयसम्म जरिवाना वा दुवै सजाय हुनेछः—

(क) दफा ३ को उप—दफा (१) को बर्खिलाप तोप वा मेशिनगन तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा विक्रीको लागि दिने वा राख्ने, वा

(ख) दफा ४ को उप—दफा (१) बर्खिलाप जुनसुकै तोप वा मेशिनगन ल्याउने वा लैजाने ।

(२) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई २ वर्षसम्म कैद वा रू. १२००।— बाह्रसयसम्म जरिवाना वा दुवै सजाय हुनेछः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ३ को उप–दफा (२) को बर्खिलाप हात हतियार तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा विक्रीको लागि दिने वा राख्ने, वा

(ख) दफा ४ को उप–दफा (२) को बर्खिलाप हात हतियार ल्याउने वा लैजाने, वा

(ग) दफा ५ को बर्खिलाप हात हतियार लिएर हिंड्ने, वा

(घ) दफा ८ को बर्खिलाप जुनसुकै हात हतियार आफ्नो साथमा राख्ने वा आफ्नो नियन्त्रणमा राख्ने, वा

(ङ) दफा ९ बमोजिम हात हतियार नबुझाउने ।

(३) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई ६ महीनासम्म कैदै वा रू. ३००।– तीनसयसम्म जरिवाना वा दुवै सजाय हुनेछः–

(क) दफा ३ को उप–दफा (२) को बर्खिलाप खरखजाना तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा विक्रीको लागि दिने वा राख्ने, वा

(ख) दफा ४ को उप–दफा (२) को बर्खिलाप खरखजाना ल्याउने वा लैजाने, वा

(ग) दफा ८ को बर्खिलाप खरखजाना आफ्नो साथमा राख्ने वा आफ्नो नियन्त्रणमा राख्ने, वा

(घ) दफा ९ बमोजिम खरखजाना नबुझाउने ।

२१. जानी जानी अनधिकृत व्यक्तिलाई हात हतियार वा खरखजाना दिएमा वा त्यस्तो व्यक्तिबाट खरीद गरेमा दण्ड सजायः–(१) कुनै पनि व्यक्तिले देहायको कसूर गरेमा ६ महीनासम्म कैदै वा रू. ३००।– तीनसयसम्म जरिवाना वा दुवै सजाय हुनेछः–

(क) दफा ३ को उप–दफा (२) बमोजिम विक्री गर्न अख्तियार नपाएको व्यक्तिसंग हात हतियार खरीद गरेमा, वा

(ख) हात हतियार राख्न वा खरीद गर्न अधिकार नभएको व्यक्तिलाई जानी जानी हस्तान्तरित गरेमा ।

(२) कुनै पनि व्यक्तिले देहायको कसूर गरेमा निजलाई २ महीनासम्म कैदै वा रू. १००।– एकसयसम्म जरिवाना वा दुवै सजाय हुनेछः–

(क) दफा ३ को उप–दफा (२) बमोजिम विक्री गर्न अख्तियार नपाएको व्यक्तिसंग खरखजाना खरीद गरेमा, वा

(ख) खरखजाना राख्ने वा खरीद गर्ने अधिकार नभएको व्यक्तिलाई जानी जानी हस्तान्तरित गरेमा ।

२२. लाइसेन्सको शर्त उल्लंघन गरेमा सजायः– कसैले लाइसेन्सको शर्त वा नियम उल्लंघन गरी काम गरेमा निजलाई ३ महीनासम्म कैदै वा रू. १५०।– एकसय पचाससम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. अरू दण्ड सजायः– (१) दफा १८ बमोजिम कसूर गरेको काम कुरा थाहा पाई स्थानीय बडाहाकिम वा पुलिस अफिसलाई सूचना नदिने प्रत्येक व्यक्तिलाई एक महीनासम्म कैदै वा रू. ५०।– पचाससम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) (क) दफा १५ अन्तर्गत तोकिएको अधिकारीछेउ हात हतियारको लगत दाखिल गर्न वा ती वस्तु देखाउन निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम लगत दाखिल नगरेमा वा नदेखाएमा निजलाई एक महीनासम्म कैदै वा रू. ५०।– पचाससम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ख) दफा १५ अन्तर्गत तोकिएको अधिकारी छेउ खरखजानाको लगत दाखिल गर्न वा ती वस्तु देखाउने निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम दाखिल नगरेमा वा नदेखाएमा निजलाई २० दिनसम्म कैदै वा रू. ३५।– पैंतीससम्म जरिवाना हुनेछ ।

(३) कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरे बापत दण्ड तोकिएकोमा भए सोही बमोजिम र नतोकिएकोमा निजलाई एक महीनासम्म कैदै वा रू. ५०।– पचाससम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२४. मुद्दा हेर्ने अधिकारक्षेत्रः– (१) यो ऐन अन्तर्गत सजाय हुने अपराध सम्बन्धी मुद्दा मामिला हेरी शुरू कारवाइ र किनारा गर्ने अधिकार स्थानीय बडाहाकिमलाई हुनेछ ।

(२) उप–दफा (१) बमोजिम स्थानीय बडाहाकिमले दिएको अन्तिम आदेश वा फैसला उपर प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

२५. जाहेरवालालाई पुरस्कार दिनेः– यो ऐनको प्रतिकूल कुनै काम गरे भएको कुरा जाहेर गर्ने व्यक्तिलाई निजको जाहेरीबाट चलेको मुद्दामा कसूरदारबाट उपर भएको जरिवानाको सरकारी कर्मचारी भए चौथाइ र अरू भए आधा पुरस्कार दिइनेछ ।

२६. श्री ५ को सरकारको नियम बनाउने अधिकारः– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप–दफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरूमा खास गरेर देहायका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिने छः-

(क) लाइसेन्स दिने हात हतियारको किसिम र संख्या तोक्ने,

(ख) हात हतियार वा खरखजानाको सम्बन्धमा दिइने लाइसेन्सको ढांचा र लाइसेन्स दिंदाको शर्त बन्देजहरू तोक्ने,

(ग) त्यस्तो लाइसेन्स लागू हुने अवधि तोक्ने,

(घ) लाइसेन्सको दस्तूर निर्धारित गर्ने,

(ङ) प्रत्येक लाइसेन्सवालाले तोकिए बमोजिमको ढांचामा लाइसेन्स बमोजिम काम कुरा गरेको हिसाब किताब वा लगत राख्ने, र सरकारी कर्मचारीले जांच्न चाहेमा त्यस्तो हिसाब किताब वा लगत देखाउनुपर्ने निर्देश दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

(च) स्थानीय बडाहाकिमले हात हतियार वा खरखजाना तयार हुने वा विक्री हुने ठाउंमा प्रवेश गर्ने र जांच निरीक्षण गर्ने वा हिसाब जांच्ने कुनै सरकारी कर्मचारीलाई अख्तियार दिने,

(छ) लाइसेन्स बमोजिमको वस्तु तयार गर्ने वा विक्री गर्ने व्यक्तिलाई आफ्नो साथमा रहेको वा नियन्त्रणमा रहेको हात हतियार वा खरखजाना श्री ५ को सरकारबाट अख्तियार पाएको व्यक्तिलाई देखाउन निर्देश दिने,

(ज) हात हतियार वा खरखजाना आफ्नो साथमा राख्ने व्यक्तिले श्री ५ को सरकारबाट जांच्नको लागि अख्तियार पाएको व्यक्तिलाई लगत हिसाब दिने,

(झ) लाइसेन्स रिन्यू गर्ने व्यवस्था गर्ने,

(ञ) हात हतियार वा खरखजानाको पसल र कारखाना नेपाल अधिराज्यभित्र खोल्न दिने व्यवस्था गर्ने,

(ट) विदेशतर्फको लाइसेन्स दिने,

(ठ) कस्ता बन्दुक, राइफल, पिस्तौल र रिभाल्भर सरकारी बोरमा गणना गर्ने सो कुरा तोक्ने ।

२७. खारेजीः– निम्नलिखित नेपाल कानून खारेज गरिएको छः–

(क) सम्वत् १९६५ साल फाल्गुण २५ गते रोज २ मा सदर भएको खड्गनिशाना बमोजिम जारी भएको हात हतियार खरखजानाको ऐन र समय समयमा भएको त्यसको संशोधन,

(ख) अमिनी जावताको ९९ नम्बर,

(ग) मधेश गोस्वारा ऐन, २०१२ को दफा ४,

(घ) अमिनीको सवालको दफा ५८,

(ङ) काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवालको दफा ४ को शिरव्यहोराको "हतियार खजाना विदेशबाट झिकाउन दिन र यहां भएको खरीद गर्नेलाई लाइसेन्स गरिदिने र शिकार खेल्न पाउने पास दिनेसमेतको कामलाई आइ.जी.पी. ले र हात हतियार घरमा राख्ने, पास दिने काम र" सम्मका शब्दहरू र खण्ड (क) र खण्ड (ख),

(च) सदर पुलिस गोस्वारा सवालको दफा १०९ र १११,

(छ) मधेश पुलिस इन्स्पेक्टर सवालको दफा ६१,

(ज) ने.पु.डा.ज. अफिसको नाउंको २००२।११।१४ को तोक सदर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।